# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७९।०९।०८ गते।

# प्रेस विज्ञप्ति

**श्री प्रधान सम्पादकज्यू/ सम्पादकज्यू,**

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये घुस/रिसवत, सार्वजनिक सम्पत्ति हानिनोक्सानी, राजस्व चुहावट र गैरकानूनी लाभ तथा हानी गरी जम्मा ४ (चार) वटा मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०७९।०९।०७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता

श्याम प्रसाद भण्डारी

**देहायः**

| क्र सं. | प्रतिवादी | मुद्दा | आयोगको मागदाबी | विशेष अदालतको फैसला र आधार | सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधार |
|---|---|---|---|---|---|
| १ | केदार शर्मासमेत (वि.अ. को मु.नं. ०७४-CR-००६२, वि.अ. को फैसला मिति २०७९।१।८) | घूस रिसवत लिई भ्रष्टाचार गरेको। | क. प्रतिवादीहरू केदार शर्मा, केशबराज जोशी, वीरेन्द्रसिँह बडाल, डण्डीराज पाण्डे र नवीनकुमार दुबेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसूरमा बिगो रू. २०,७०,०००।- कायम गरी ऐ ऐनको दफा ३(१) र दफा ३(१)(च) बमोजिम जरिबाना र कैद सजाय हुन। | <u>**फैसला**</u><br>क. प्रतिवादीहरूमध्ये केशवराज जोशीले सफाई पाउने तथा बिगो रकम घटाई रू. १४,७०,०००।— बिगो कायम गरी फैसला भएको छ।<br><u>**आधार**</u><br>क. सर्वोच्च अदालतबाट विष्णुप्रसाद घिमिरे विरूद्ध सङ्घीय संसद्समेत भएको रिट (०७४-WC-००२०) मा राज्यकोषको रकम बरामद भएको अवस्थामा नगद रु ६ लाखको हकमा बिगोदाबी ठहर गर्न नमिल्ने।<br>ख. प्रतिवादीमध्येका केशवराज जोशी र केदार शर्माले कसूरमा इन्कार रही मौकामा र अदालतसमक्ष बयान गरेको। उजुरकर्ताले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादी केशवराज जोशीको संलग्नता उक्त घटनामा थिएन भनी बकपत्र गरेको। वारदातस्थलमा यी प्रतिवादी उपस्थित नरहेको। यी प्रतिवादीबाट चेक वा अन्य रकम बरामद नभएको। केवल सहअभियुक्तको पोल बयानका आधारमा निजविरुद्धको आरोप पुष्टि नहुने। | क. प्रतिवादीहरू वीरेन्द्रसिँह बडाल, डण्डिराज पाण्डे र नवीनकुमार दुबेको मौकाको साविती बयान रहेकोमा तथ्य प्रमाणबिना अदालतमा इन्कारी बयान गरेको व्यहोरा फैसलाको प्रकरण ७४ मा उल्लेख भएको। फैसलाको प्रकरण ७५ मा बरामद रकम र चेक घूस वापतकै रकम रहेको कुरामा अदालत सहमतै रहेको। साथै प्रतिवादीहरू वीरेन्द्रसिँह बडाल, डण्डिराज पाण्डे र नवीनकुमार दुबेले मिति २०७४।७।२३ मा रिसवत रकम एकीन गर्न छलफल गर्दा यी प्रतिवादी केशवराज जोशीसमेत रहेको भनी पोल बयान गरेको। फैसलाको प्रकरण ८० मा अदालत स्वयमले सहअभियुक्तको पोल बयानलाई प्रमाणमा लिन मिल्ने (नि नं ७७४९) भनी व्याख्या गरेको अवस्थामा प्रतिवादी केशवराज जोशीको हकमा सफाइ दिई गरिएको फैसला त्रुटिपूर्ण छ।<br>ख. अन्य प्रतिवादीहरूले यी प्रतिवादी केशवराज जोशीको सहमति (Consent) लिएरै घूस रिसवत वापतको रकम लिएको उल्लेख गरिदिएको।<br>ग. निवेदकले अनुसन्धानको क्रममा कागज गर्दा भुक्तानी गर्न आलटाल गर्ने, बिभिन्न बहाना गरी ढीला गरी रकम दिने प्रतिबद्धता नजनाएसम्म झुलाउने र रिसवत माग गर्ने मुख्य ब्यक्ति केदार शर्मा हुन्। निजको योजनामा उक्त कार्यमा सहयोग गर्ने ब्यक्तिहरू लेखापाल केशबराज जोशी, सब-ईन्जिनियरहरू वीरेन्द्रसिँह बडाल, डण्डीराज पाण्डे र नवीनकुमार दुबे हुन्। घुस/रिसवत रकम तय गर्ने काम २०७४/७/२३ गते साँझ भएको हो। सो साँझ ५ बजेदेखि ७:३० बजेसम्म कार्यालय प्रमुख केदार शर्माको कार्यकक्षमा कार्यालय प्रमुख केदार शर्मा, लेखापाल केशबराज जोशी, सब-ईन्जिनियर डण्डीराज पाण्डे र म बसी यस सम्बन्धमा छलफल भएको र केही समयपछि सब-ईन्जिनियर वीरेन्द्रसिंह बडाल र नवीनकुमार दुबेसमेत आएका थिए तथा बार्गेनिङ भएको लिने रकम यकिन गर्ने कार्यमा भने लेखापाल केशबराज जोशी, सब-ईन्जिनियरहरु वीरेन्द्रसिँह बडाल, डण्डीराज पाण्डे र नवीनकुमार दुबेसमेत संलग्न छन् भनी केशवराज जोशीको संलग्नता सुरुदेखि नै रहेको कुरा स्पष्टरूपमा खुलाई कागज गरेको।<br>घ. निज प्रतिवादी वीरेन्द्रसिँह बडालले आफ्नो बयानमा खुलाएअनुसार हाकिम साबले फोनमा कुरा नगर्नू भनेपछि निज केदार शर्मालाई भेट्न कार्यालयमा गएको र केदार शर्मासँग भेटेर कुराकानी गरी फर्किसकेपछि सेवाग्राही चक्रबहादुर शाहसँग बार्तालाप गरेको र उक्त बार्तालापमा चक्र शाहले “के भन्छन् उनी” भनी सोध्दा “हिजै भन्याथें भन्दैथ्यो, मैले चाँहि सर मलाई बीचमा नहाल्नुहोला फोन गर्ने भए गर्नू, २/३ जति माग्नुपर्छ मागौं पछि पुगेन भनेर काममा चाहिँ ईफेक्ट नदेखियोस भनिदिएँ, एकाउन्टेन्ट पनि त्यहीँ थियो” भन्नेसमेत ब्यहोरा मिसिल संलग्न अडियो क्लिप नं २२०८२०-००७ को शुरुकै संबादमा सुनिएबाट उक्त रिसवत लिने छलफलमा केदार शर्मासँगै लेखापाल केशबराज जोशीसमेत प्रत्यक्ष संलग्न रहेको कुरा पुष्टि भएको। **रामबहादुर थापा विरुद्ध नेपाल सरकार** भएको मुद्दामा सि.डी. लगायत विद्युतीय माध्यमबाट सङ्कलित प्रमाणलाई मुद्दामा प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन भन्ने अवश्य होइन। विज्ञान र प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व विकास र थपिएका अनेकौं नवीनतम् आयामहरूलाई न्याय निरुपणका सन्दर्भमा अदालतले अनदेखा गर्न नहुने भनी ने.का.प. २०७४, अङ्क ९, नि.नं. ९८८० मा व्याख्या भएको छ। त्यसैगरी श्याम अधिकारी विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा विज्ञान र प्रविधिको सहायताले आफूसँग घूस रिसवत मागेको बोली बोलेको, फोन वार्तालाई रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्ध गरी प्रमाणको रूपमा पेस गरेकोलाई न्याय निरुपण गर्दा महत्त्वपूर्ण प्रमाणकै रूपमा मूल्याङ्कन गर्नुपर्ने भनी ने.का.प. २०७६, अङ्क ८, नि.नं. १०३२३ मा व्याख्या भएकाले उल्लिखित सम्मानीत सर्वोच्च अदालतको धारणा विपरीत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | केशवराज जोशीलाई सफाइ दिने गरी प्रमाणहरूको यथोचित मूल्याङ्कन नगरी भएको फैसला त्रुटिपूर्ण छ।<br>ङ. सम्मानित सर्वोच्च अदालतले उत्प्रेषण रिट (०७४-wc-००२०) को सन्दर्भमा गरेको आदेशको व्यहोरामा "न्याय निरुपण गर्दा हाल मुद्दाको सुनुवाइ अन्तिम भइनसकेका वा न्यायीक प्रकृयामा रहेका विवादका सन्दर्भमा अमान्य बदर घोषित अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० मा रहेको प्रावधानअनुसार सङ्कलित रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो, केवल यही कारणबाट मुद्दा नै खारेज हुने वा भएगरेका सबै काम कारवाही बदर हुने होइनन्। मुद्दामा सङ्कलित अन्य प्रमाणको मूल्याङ्कनको आधारमा आरोपदाबी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी उल्लेख भएको। प्रस्तुत मुद्दामा प्रतिवादीहरूबीचको वार्तालाप, प्रतिवादीहरूको बयान, फोन र SMS आदानप्रदानबाट ठेक्काको रकम र सोको २% र ५% ले माग गरेको रकम रु २०,७०,०००।- रहेकोमा विवाद छैन। सो तथ्यलाई स्वयम् विशेष अदालतले समेत स्वीकार गरेको अवस्था छ। उक्त रकम रु २०,७०,०००।- मध्ये चेकबाट रु १४,७०,०००।- र नगद रु ६,००,०००।- निवेदकहरूले प्रतिवादीहरूलाई उपलब्ध गराइएकामा यी चेक र नगद रकम अन्योन्याश्रित विषयहरू हुन्। चेक र नगद रकमलाई छुट्टाछुट्टै बनाई चेकको मात्र घूस ठहर हुने, नगदको ठहर नहुने भनी छुट्ट्याउन मिल्ने अवस्था रहन्न। केवल आयोगबाट उपलब्ध गराएको भन्ने आधारमा उक्त रु ६,००,०००।- समेत घूस रकम हो भन्ने पुष्टि भैरहेकोमा सर्वोच्च अदालतको उपर्युक्त आदेश (०७४-WC-००२०) बमोजिम मिसिल संलग्न अन्य प्रमाण विश्लेषण गरी फैसला गर्नुपर्नेमा सो गरेको नदेखिँदा सङ्कलित अन्य प्रमाणको भार शून्य हुन्छ भनी प्रस्तुत मुद्दाका प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ। प्रतिवादीहरूको घूस रकम लिने मनसाय रहेको र सोबमोजिम घूस रकम लिने कार्य सम्पन्न भएकोले बदनियत पुष्टि भएको अवस्थामा चेकबाहेक नगद रकम रु ६ लाख बिगो कायम गर्न नमिल्ने भनी गरिएको फैसला त्रुटिपूर्ण छ। |
| २ | गोविन्दराज ओझासमेत (वि.अ. को मु.नं. ०७५-CR-०२७१, वि.अ. को फैसला मिति २०७९।५।२०) | सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको। | प्रतिवादीहरू गोविन्दराज ओझा, दरवारी राना र लेखापाल गोपाल सेटीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा विगो रू. ११,४२,२७२।९७ कायम गरी ऐ ऐनको दफा ३(१) र दफा ३(१)(च) बमोजिम सजायँ हुन र बिगो रकम ऐ ऐनको दफा १७ बमोजिम असुलउपर हुनसमेतको मागदाबी लिइएको। | **<u>फैसला</u>**<br>बिगो घटाई रू.९,७६,७७६।- मात्र सरकारी रकम हिनामिना भएको भनी बिगो कायम गरी फैसला भएको।<br>**<u>आधार</u>**<br>विद्यालयको लागि कम्प्युटर खरिद गर्न निकासा भएको रु. १,६०,०००।- को कम्प्युटर खरिद नगरी बिलसम्म पेश गरी उक्त रकम खर्च गरेको देखिए पनि कम्प्युटर खरिदमा रु १,६५,४९६।६७ को विल तयार गरी भुक्तानी भैसकेपछि तत्काल ढुवानी र सबै सामान उपलब्ध हुन नसकेपछि विद्यालयमा भएको कम्प्युटर मर्मत गर्ने र रु एकलाख लेखापालद्वारा सहयोग भनी विद्यालयमा आम्दानी बाँधिएको भनी प्रतिवादी गोविन्दराज ओझा र गोपाल सेटीले बयानमा उल्लेख गरेको र सो तथ्य अन्य प्रमाणहरूबाट समेत समर्थित भएको देखिँदा उक्त रकमबाट निकाशा हुँदा तोकिएबमोजिम कम्प्युटर खरिद नभए तापनि रु एकलाख विद्यालयमा | क. कम्प्युटर खरिदको विलमात्र ल्याई चेकमार्फत सम्वन्धित पसललाई बिलमार्फत भुक्तानी भएको देखिएको, तर कम्प्युटर विद्यालयको स्टोरमा दाखिल नगरिएको।<br>ख. विद्यालयले तोकिएको शीर्षकमा रकम खर्च नगरी बिल भरपाई वनाई निकासा भएको रकम हिनामिना गरेको हुँदा असुलउपर गर्न जिल्ला शिक्षा कार्यालय कैलालीबाट बारम्वार पत्राचार भएको भन्नेसमेतको आधार प्रमाणहरूबाट प्रतिवादीहरूको दुराशयपूर्ण मनसाय प्रकट भएको। विशेष अदालतबाट आरोप दाबीभन्दा कम बिगो ठहर गरी फैसला गर्दा रु एकलाख लेखापालद्वारा सहयोग गरिएको र विद्यालयमा भएका पुराना कम्प्युटर मर्मत गरेको भनी आधार लिएको पाइन्छ। उक्त रकम बद्रि भण्डारीको नामबाट विद्यालयको खातामा रकम जम्मा गरिएको भन्ने मिति २०७१।१।२९ गतेको कृषि विकास बैंङ्कको भौचर पेश गरिएको। उक्त रकम विद्यालयका लागि बद्रि भण्डारीबाट चन्दास्वरूप विद्यालयको खातामा जम्मा भएको भन्ने गोश्वारा भौचर नं १३०, मिति २०७१।१।२९ बाट खुल्न आएको अवस्था छ। यसरी एक व्यक्तिले विद्यालयलाई दिएको चन्दाको रकम हामीले जम्मा गरेको हो भनी प्रतिवादीहरू गोविन्दराज ओझा र गोपाल सेटीले गरेको प्रमाणविहीन बयानको आधारमा रु एकलाख विद्यालयको नाममा जम्मा भैसकेको भन्ने आधारमा सो रकम प्रतिवादीहरूले हिनामिना गरेको नठह्याई भएको फैसला प्रथम दृष्टिमै सो हदसम्म त्रुटिपूर्ण रहेको। प्रतिवादीहरू गोविन्दराज ओझा र गोपाल सेटीले बयानमा उक्त रकम बद्री भण्डारीले जम्मा गरेको भने पनि निज बद्री भण्डारी यो मुद्दामा तात्विक सरोकार राख्ने व्यक्ति पनि नभएको, निजलाई प्रतिवादी पनि नबनाइएको र गोश्वारा भौचरमा रकम जम्मा गर्नुको प्रयोजन चन्दा रहेकोमा प्रतिवादीहरूले पेश गरेको बैङ्क भौचरलाई आधार बनाई गरिएको फैसला त्रुटिपूर्ण छ। त्यसैगरी फैसलामा उल्लेख गरिएको विद्यालयको पुराना कम्प्युटर मर्मत गरिएको भनी बिगो घटाउने क्रममा के कस्ता कम्प्युटरहरू मर्मत गरिएको, कुन मितिमा मर्मत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नगदै जम्मा भएको र बाँकीको विद्यालयका पुराना कम्प्युटर मर्मत गरेको देखिँदा सो हदसम्मको रकम हिनामिना गरेको वा मासी खाएको भन्न नमिल्ने। | गरी कति रकम खर्च गरिएकोजस्ता कुनै कुरा नखुलाई, कम्प्युटर मर्मतको बिल पेशसमेत नभएको अवस्थामा अदालतले आफै अनुमान गरी बिगो घटाउने गरी गरिएको फैसला त्रुटिपूर्ण छ। |
| ३ | डोमा शेर्पा (वि.अ. को मु.नं. ०७६-CR-०३२१, वि.अ. को फैसला मिति २०७९।५।१६) | राजश्व हिनामिना गरेको। | डोमा शेर्पाले सुन लुकाउन लगाई गैरकानूनीरूपमा राजश्व चुहावट गर्न मद्दत गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ बमोजिमको कसूरमा बिगो रु. ७,०७,७००।- कायम गरी ऐ ऐनको दफा ७ मा उल्लेख भएबमोजिम ऐ ऐनको दफा ३(१) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ७ बमोजिम बिगोको दोब्बर जरिवाना हुन मागदाबी लिइएकोमा विशेष अदालतबाट निज प्रतिवादीले सफाइ पाउने ठहर भई फैसला भएको। | **<u>फैसलाः</u>** सफाई<br>**<u>आधार</u>**<br>क. निज प्रतिवादीको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को कसूरको आरोपदाबी भए पनि निज राजश्व उठाउनुपर्ने कर्तव्य वा जिम्मेवारी भएको व्यक्ति नरहेको। राजश्व चुहावट गर्ने कार्यमा निजले विदेशी नागरिकहरूबाट कुनै दस्तुर, इनाम वा लाभ प्राप्त गरेको नदेखिएको। निजले आरोपित कसूरमा इन्कार भई अदालतमा बयान गरेको।<br>ख. चिनजानसमेत नभएका र भाषा पनि नबुझ्ने विदेशी नागरिकहरूलाई सुनको गहना फाल्न इशारा गरेको आरोपदाबी पुष्टि नभएको। वादीले साङ्केतिक सम्वादको वैज्ञानिक परीक्षण नगरी उक्त सम्वादको अर्थ नखुलाई आरोपपत्र पेश गरेको।<br>ग. बरामद सुनको गहना चोरी पैठारी गरेको भनी दुवै विदेशी नागरिकहरूउपर सुन चोरी पैठारी मुद्दामा सजाय गर्ने निर्णय भएको। | क. वारदात मिति र समयमा निज प्रतिवादी वारदातस्थलमा रहेको तथ्यमा विवाद नरहेको। उक्त तथ्य सिसिटिभी फुटेजबाट पनि पुष्टि भइरहेको। अनुसन्धानको क्रममा निज प्रतिवादीले विदेशी नागरिकहरूलाई सुन फाल्न इसारा गरेको स्वीकार गरेको। अदालतमा बयान गर्दा त्रासमा पारी उक्त तथ्य लेख्न लगाएको भने पनि म्यादथपको क्रममा अदालतमा निजले आफूलाई दबाबमा पारेको उल्लेख नगर्नुले पनि निजको अदालतको बयान पत्यारलायक नदेखिएको।<br>ख. फैसलाको प्रकरण २९ मा उल्लेख गरिएजस्तो सुन चोरी पैठारी मुद्दामा विदेशी नागरिकहरूलाई सजाय भइसकेको र यी प्रतिवादीले इन्कारी बयान गरेको अवस्थामा यी प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार सजाय नै नहुने होइन। सुन चोरी पैठारी गर्ने कार्यमा संलग्न भएकैले निज प्रतिवादीलाई ऐ ऐनको दफा ७ बमोजिमको कसूर गरेको भनी दाबी लिइएको। फैसलाको प्रकरण २८ मा उल्लेख गरेअनुसार निज प्रतिवादी राजश्व उठाउनुपर्ने कर्तव्य नभएको कर्मचारी रहेकोले आरोपदाबी पुष्टि नभएको भनी गरिएको फैसला त्रुटिपूर्ण रहेको।<br>ग. २०७६।१।८ मा डोमा शेर्पाले अन्य कर्मचारी कोही नभएको मौका पारी विदेशी नागरिकहरूलाई निजहरूको साथमा रहेको सुन सोफा पछाडि फाल्न इसारा गरेको र उप-सचिव कर्ण तिमिल्सिनाको कार्यकक्षमा राष्ट्रिय अनसुन्धान विभागका अनुसन्धान अधिकृत शङ्करबहादुर कार्की खानतलासी गर्न आउँदा निज डोमा शेर्पाले विदेशी नागरीकहरूलाई हातले इसारा गरी सुन फाल्ने कार्य रोक्नू भनी सङ्केत गरेको CCTV फुटेजमा देखिएको; डोमा शेर्पाले कर्ण तिमिल्सिनाको कार्यकक्षको ढोकामा समय समयमा गई कोही आए नआएको हेरेको देखिएको र कोही नआएको अवस्थामा डोमा शेर्पाले विदेशी नागरिकहरूलाई सुन फाल्न साङ्केतिक संवाद गरेको CCTV फुटेजमा स्पष्ट देखिन्छ। डोमा शेर्पाले अनुसन्धानको क्रममा बयान गर्दा सुन फाल्न लगाएको स्वीकारै गरेको देखिएकोमा अदालतकै बयानको जवाफ ९ मा सुन छ भने निकाल्नू भनी इशारा गरेको भनी स्वीकार गरेको।<br>घ. प्रमुख भन्सार प्रशासक गजेन्द्रकुमार ठाकुरको बकपत्रको जवाफ ७ र ८ मा समेत डोमा शेर्पा र विदेशी नागरिकहरूबीच केही साङ्केतिक आदानप्रदान भएको स्पष्ट देखिएको भनी लेखाइदिएको; CCTV फुटेजमा कार्यालय सहयोगी डोमा शेर्पाले दुई जना विदेशी नागरीकहरूसँग साङ्केतिक संवाद गरी सुन फ्याँक्न इसारा गरेको स्पष्ट देखिन्छ भनी भन्सार अधिकृत केशराकुमारीजी खनालले गरेको मौकाको कागज बकपत्रको जवाफमार्फत उक्त व्यहोरा सही सत्य रहेको भनी सनाखतसमेत गरिदिएकोले प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) बकपत्रहरू प्रमाणग्राह्य रही निज प्रतिवादीको उक्त वारदातमा संलग्नता रहेको पुष्टि भएको। |
| ४ | कृष्णकुमार नेपालसमेत (वि.अ. को मु.नं. ०७६-CR-०३१७, वि.अ. को फैसला मिति २०७९।४।२३) | गलत लिखत तयार गरी भ्रष्टाचार गरेको। | **दधिराम गुरागाईं, मनोज घिमिरे, कृष्णकुमार नेपाल र रामप्रसाद भट्टराईलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम कैद सजायँ र जरिवाना हुन; **राजेन्द्र धिमालको** हकमा ऐ ऐनको दफा ९ को कसूरको मतियार हुने कसूर गरेकोले सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याँशबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम जरिवाना र | **फैसला**<br>**कृष्णकुमार नेपाल, रामप्रसाद भट्टराई, राजेन्द्र धिमाल र गोविन्द कोइरालालाई** सफाइ<br>**<u>आधार</u>**<br>क. रत्नदेवी लिम्बुले सहप्रतिवादीहरूलाई लागेको राजश्व बाहेक बाँकी रु १,८७,८२५।– घूस वापत दिएको दाबी विपरीत निजले अदालतमा राजश्व बाहेक अन्य रकम नदिएको भनी बयान गरेको र उक्त रकम | क. लिखत पारित गर्ने क्रममा मालपोत कार्यालयमा आफ्नो रोहबरमा जग्गा दिने र लिनेलाई औंठाछाप लगाउन लगाउनुपर्ने, सम्बन्धित व्यक्ति आफै उपस्थित भएका हुन्/हैनन् समेत एकीन गर्नुपर्नेमा सो कार्य नगरी मोठ फाँटका फाँटवाला खरिदार रामप्रसाद भट्टराई, रजिष्ट्रेशन फाँटवाला खरिदार कृष्णकुमार नेपाल, लिखत पारित गर्ने मालपोत अधिकृत दधिराम गुरागाईंले मृतक व्यक्तिको जग्गा मृत्यु भएपछि निज मृतकको औंठाछाप र दस्तखत गरेको भनी झुठा औंठाछाप लगाइएको लिखत पारित गरी हालैको बकसपत्र सदर गरेकोमा अदालतसमेत सहमत छ। जग्गा प्रशासन निर्देशिका, २०५८ को लिखत (रजिष्ट्रेशन) पारित दस्तुरसम्बन्धी कार्यविधिको दफा १२४ मा अचल सम्पत्ति हक हस्तान्तरण गर्दा पेश गर्नुपर्ने प्रमाणहरूका बारेमा उल्लेख गरिएका छन्। दफा १२६ मा लिखत पारित गर्ने कार्यविधिमा टोकन दिने- पारित गर्नुपर्ने लिखत कार्यालयमा पेश गरेपछि दफा १२२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कैद सजाय हुन। **पुष्करप्रसाद पोखरेल**को हकमा दफा ८(४) बमोजिम जरिवाना र कैद सजाय हुन। **रत्नदेवी लिम्बु**को हकमा ऐ.ऐनको दफा ८(४) बमोजिमको कसुरमा ऐ ऐनको दफा ३(१)(घ) र ऐ. ऐनको दफा ८(४) को कसुरमा हुने जरिवाना र कैद सजाय हुन। **गोविन्द कोइराला**का हकमा ऐ ऐनको दफा ८(४) को कसूरको मतियार हुने कसूर गरेकोले सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांँश बमोजिम ऐ ऐनको दफा ८(४) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइएकोमा दधिराम गुरागाइँ, मनोज घिमिरे, पुष्करप्रसाद पोखरेललाई आरोपपत्र मागदाबीबमोजिम र रत्नदेवी लिम्बुलाई दफा ८(४) बमोजिम कसूर ठहर गरिएको र ऐ ऐनको दफा ३(१)(घ) बमोजिमको दाबी नपुग्ने र अन्य प्रतिवादीहरू **कृष्णकुमार नेपाल, रामप्रसाद भट्टराई, राजेन्द्र धिमाल र गोविन्द कोइराला**लाई सफाई। | कसैको साथबाट बरामद पनि नभएकोले रत्नदेवी लिम्बुको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(घ) बमोजिमको दाबी नपुग्ने।<br>ख. प्रतिवादी राजेन्द्र धिमाल अनुसन्धानमा तथा अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको; घरबाटो सिफारिस लिन जग्गाधनीको वारेसनामा लिई जोसुकै पनि आउने कानुनी व्यवस्था भएको, मानिस सनाखत गराउनुपर्ने व्यवस्था कानूनमा नभएको; वडा कार्यालयलाई जग्गावाला मरेको थाहा नभएकोले पेश भएको बारेसनामाको आधारमा स्वायत्त शासन ऐनबमोजिम घरबाटो सिफारिस गरेको; घरबाटो सिफारिस गर्दा प्रतिवादी राजेन्द्र धिमालले रनदेवी लिम्बूसँग मिलेमतो गरेको वा लिनुखानु गरेको नदेखिएको, अन्य सहप्रतिवादीहरूसँग मिलेमतो गरेको वा लिनुखानु गरेको भन्ने पनि नदेखिएको।<br>ग. प्रतिवादी कृष्णकुमार नेपाल अनुसन्धान तथा अदालतमा कसुरमा इन्कार रहेको; राजश्व लिने जिम्मेवारी तोकिएको र व्यक्तिको एकीन गरी सनाखत गराउनुपर्ने जिम्मेवारी निजमा नतोकिएको।<br>घ. प्रतिवादी रामप्रसाद भट्टराईको हकमा पारितको लागि पेश हुने लिखतमा कागजपत्र रुजु गर्ने तथा सम्बन्धित पक्ष वा व्यक्तिसमेत बुझी सनाखत गराउने दायित्व र जिम्मेवारी प्रतिवादीलाई तोकिएको नदेखिँदा जग्गा लिनेदिने व्यक्ति यकिन गरी सनाखत गराउनुपर्ने कानूनी प्रक्रिया पूरा नगरेको भन्ने निजउपरको आरोप दावी मनासिव नदेखिने।<br>**ङ.** प्रतिवादी गोविन्द कोइरालाका हकमा सहप्रतिवादी रत्नदेवीलाई गलत लिखत तयार गर्नमा यी प्रतिवादीले सहयोग पुर्याएको नदेखिएको तथा त्यस्तो गलत कार्य गर्ने निजको मनसाय पनि प्रमाणित नभएको; अन्य सहप्रतिवादीसँग निजको मिलेमतो तथा लिनुखानु गरी फाइदा लिएको तथ्य पनि वादी पक्षले बस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न | बमोजिम खुलाउनुपर्ने व्यहोरा खुलाएको छ वा छैन हेरी नखुलाएको भए खुलाउन लगाई टोकन किताबमा दर्ता गरी टोकन दिनुपर्छ र टोकन दिने कार्य रजिष्ट्रेशन फाँटको ना.सु ले गर्ने र लिखतको जम्मा कित्ता, क्षेत्रफलमुनिबाट थपघट गर्न नपाउने गरी रातो मसीले लाईन तानी दिनुपर्छ; टोकन दिएपछि मोठ श्रेस्ता परिच्छेदको प्रकरणमा उल्लेख भएबमोजिम मोठ भिडाएपछि रोक्का भिडाउनुपर्छ भनी स्पष्ट उल्लेख गरिएको छ। प्रतिवादीमध्येका रामप्रसाद भट्टराई मोठ फाँटका खरिदार रहेको र निजले आफ्नो दायित्व निर्वाह नगरेको स्पष्ट हुँदाहुँदै सफाइ दिइएको पाइन्छ।<br>ख. **प्रतिवादी कृष्णकुमार नेपाल र रामप्रसाद भट्टराई**को हकमा पारित लिखतमा २०७०/०७/१० मा मृत्यु भएकी रनमाया लिम्वुको झुठा औंठाछाप लगाइएको गलत लिखत तयार गरी जग्गा लिने/दिने यकिन सनाखत गर्नुपर्ने कानूनी प्रक्रिया (जग्गा प्रशासन निर्देशिका, २०५८) समेत पालन नगरी मृतक व्यक्तिको नामको जग्गा मिति २०७६/०८/२८ मा हालैको बकसपत्रको लिखत तयार गरी रू. ३१,४५,०००।- बराबरको जग्गा गैरकानुनी तरीकाले हक नपुग्ने रत्नदेवी लिम्वुलाई हक हस्तानान्तरण गरी गैरकानूनी लाभ पुर्याएकोमा निजकोसमेत संलग्नता रहेको देखिएको अवस्थामा निजलाई सफाइ दिने गरी गरिएको फैसला त्रुटिपूर्ण छ। प्रत्यर्थी प्रतिवादी कृष्णकुमार नेपाल र रामप्रसाद भट्टराईले आआफ्नो कानूनी दायित्व पूरा गर्ने क्रममा कमसेकम लिनेदिने दुवै पक्षको नागरिकता प्रमाणपत्रसमेत हेरी अन्य अंशियारहरू छन् छैनन्, बकसपत्र दिन मिल्ने हो होइन; दिने लिने व्यक्तिहरू वास्तवमै जग्गाधनी र जग्गाधनीकी छोरी हुन् होइनन् भन्ने कुरालाईमात्र ध्यानमा राखी सनाखत गराउने कार्य भएको भए प्रस्तुत वारदात घटित नै नहुनेमा प्रतिवादी रत्नदेवी लिम्बुको प्रभाव प्रलोभनमा परी आफ्नो पदीय दायित्व पूरा नगरेको अवस्थामा निजहरूलाई सफाइ दिइएको फैसदा त्रुटिपूर्ण एवम् बदरयोग्य छ।<br>ग. **प्रतिवादी राजेन्द्र धिमालको हकमा** जग्गाधनी स्वयम् उपस्थित नभई निजको नाममा घरबाटो सिफारिस निवेदन लिई मिति २०७०\|०८\|२४ मा धरान नगरपालिकाबाट घर बाटो सिफारिस गरेको र सोही सिफारिसको आधारमा मिति २०७०/०८/२८ मा मालपोत कार्यालय सुनसरीबाट र.न. ४५७४ "ख" को मृतक रनमाया लिम्वुको नाममा रहेको जग्गा गैरकानूनीरूपमा रत्नदेवी लिम्वुको नाममा हालैको बकसपत्रमार्फत हक हस्तानान्तरण भएको देखिएको अवस्थामा निजले हालैदेखिको बकसपत्रको लागि घरबाटो सिफारिस गरी गलत लिखत तयार गर्ने कार्यमा मतियारको भूमिका निर्वाह गरेको पुष्टि भइरहँदा पनि निजलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ।<br>घ. **प्रतिवादी रत्नदेवी लिम्वुको हकमा** : मृत्यु भइसकेको व्यक्ति रनमाया लिम्वुको नाममा रहेको जग्गा मृत्यु भए पछि गलत कागजात बनाई, झुठा औंठाछाप लगाइ पेश गरी लिखत पारित गराई गैरकानूनीरूपमा रु.३१,४५,०००।- (एकतिस लाख पैंतालिस हजार) बराबरको जग्गा आफ्नो नाममा कायम गराई गैरकानूनी लाभ लिएको र उक्त जग्गा आफ्नो नाममा कायम गर्न/गराउन रु.२,३५,०००/-(दुई लाख पैंतिस हजार) रकम मालपोत कार्यालय सुनसरीको परिसरमा बुझाएको भन्ने अनुसन्धानको क्रममा बयान गरेकोमा रु.४७,१७५/- मात्र राजश्व दाखिल रसिद देखिँदा बाँकी रु. १,८७,८२५/- गलत लिखत तयार गर्न घुस/रिसवत वापत दिएको पुष्टि भइरहेकोमा सफाइ दिने गरी भएको फैसला बदरभागी छ।<br>ङ. **प्रतिवादी गोविन्द कोइरालाको हकमा** : मालपोत कार्यालय सुनसरीको र.नं. ४५७४"ख" मिति २०७०/०८/२८ को हालैको बकसपत्रको कीर्ते औंठाछाप र दस्तखतसमेत गरी पारित लिखतमा साक्षीको रूपमा बसी दस्तखत गर्ने महलमा रामधुनी नगरपालिका-५ बस्ने बर्ष ३३ को लेखापढी व्यवसायी गोविन्द कोइरालाले उक्त लिखतमा भएको दस्तखत आफ्नै रहेको र आफूले जग्गा दिने र लिने दुबैलाई नचिनेको बयानका क्रममा बताएको तथा साक्षीको महलमा अर्को व्यक्ति रोशन श्रेष्ठ निज गोविन्द कोइरालाको लेखापढी सेन्टरमा काम गर्ने बताइरहँदा निज रोशन श्रेष्ठको कुनै पनि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नसकेको। | विवरण उपलब्ध नगराउनु तथा आरोपित रत्नदेवी लिम्वुले समेत निजलाई नचिन्नुले सो रोशन श्रेष्ठको महलमा समेत कीर्ते दस्तखतसमेत गरी प्रतिवादी रत्नदेवी लिम्बुको प्रभाव तथा प्रलोभनमा परी झुठा लिखत पारित गर्ने काममा साक्षी बसी मतियारको काम गरेको पुष्टि भइरहेको अवस्थामा निजलाई समेत सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको। |